स्थानीय सरकार
इस्मा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

प सं: ०८२/८३
च. नः
सूचना नः ४८

इस्मा रजस्थल, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

मितिः २०८३।०१।२२

विषयः रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना।

श्री जो जससँग सम्बन्धित छ।

गुल्मी जिल्ला इस्मा गाउँपालिका अन्तर्गत श्री चन्द्र आधारभूत विद्यालयमा रिक्त रहेको प्राथमिक तह, तृतिय श्रेणी, स्थायी शिक्षक पदमा सरुवाको प्रकृया अगाडि बढाइदिन भनी विद्यालयको मिति २०८२/०१/११ को पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तहको योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिनभित्र शिक्षा नियमावलीको अनुसूची-१७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवासम्बन्धी निर्देशिका-२०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

पुनश्चः

१. तोकिएको म्यादभित्र विद्यालयको इमेल ठेगाना chandrabasic2018@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिनेछ।
२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन।

२०८३/१/२२

नारायण महत
निमित्त प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

१. श्री शिक्षा विकास तथा समन्वय इकाइ, तम्घास, गुल्मी।
२. श्री चन्द्र आधारभूत विद्यालय, इस्मा गाउँपालिका-४, दोहली, गुल्मी।



CamScanner